मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कार्तिक २७ गते बिहीवार (Thursday, November 12. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

'बुबाको शव नपठाउनु बरु उतै गाडीदिनु': पृष्ठ २



## ९ करोडको जग्गा हडप्ने प्रयास

**■ वडाध्यक्षको संलग्नताको दावी ■ प्रमाणित भए राजीनामा दिन्छु: पाण्डे**



**बिर्तामोड कात्तिक २६।** बिर्तामोड नगरपालिका १मा कित्ता नम्बर नै हेरफेर गरेर जग्गा हडप्ने भू-माफियाको प्रयास विफल भएको छ।

भूमाफियाले पाथीभरा सिने प्लाजा छेऊको करिब ९ करोड रुपैयाँ मूल्य पर्ने सातकट्ठा जग्गा किर्ते कागजात तयार गरी हडप्ने प्रयास गरेको खुलेको छ। उक्त स्थानमा जग्गाको चलनचल्ती मूल्य प्रतिधुर ६देखि साढे ६ लाखसम्म रहेको जानकारहरु बताउँछन्। सरकारी अधिकारी र जनप्रतिनिधिको मिलेमतोमा भूमाफियाले जग्गा हडप्ने प्रयास गरेको कतिपयको दावी छ।

कित्ता नम्बर ५४७ लाई भू-माफियाको टोलीले ६२२ कित्ता नम्बर राखेर जग्गा हडप्ने प्रयास गरिरहेका बेला नापी कार्यालयले थाहा पाए लगत्तै उनीहरुको प्रयास विफल भएको हो। २०४६ सालमा भूपाल किराँती आयोगले पैनीको जग्गा भनेको कित्ता नम्बर ६२२ लाई संशोधन गर्दै कित्ता नम्बर ५४७ लाई हटाएर उक्त स्थानमा ६२२ कित्ता नम्बर राख्दै जमिन बिक्री गरेसँगै यस्तो रहस्य खुलेको हो।

नर्वदा चौहानको नामबाट ललितपुर महानगरपालिका-४मा रहेको जी ट्रेडिङ प्रालिलाई जग्गा विक्री गरिएको बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी गराइएको छ। पत्रकार सम्मेलनमा कित्ता नम्बर ५४७का जग्गाधनी युवराज प्रसाईंले भूमाफियाहरुले कित्ता नम्बर नै परिवर्तन गर्दै नम्वरी जग्गा हडप्ने प्रयत्न गरेको आरोप लगाएका छन्। उनले कित्ता नम्बर हेरफेरका लागि बिर्तामोड-१का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले सहयोग गरेका कारण उनको

*(बाँकी अन्तिम पृष्ठमा)*

## गाडी नम्बर लेख्नुभएको छैन कि !



**बिर्तामोड, कात्तिक २६।** सवारी दुर्घटना गराएर सवारी साधन फरार हुने र नम्बर प्लेट नखुल्दा दुर्घटनामा संलग्न सवारी साधन पक्राउ गर्न ट्राफिक प्रहरीलाई सकस भएसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले राजमार्गमा सञ्चालन हुने सवारीको नम्बर प्लेट लेख्ने अभियान शुरु गरेको छ।

यातायात व्यवस्था कार्यालय झापा र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले संयुक्त रुपमा विभिन्न स्थानमा अनुगमन गर्दै नम्बर प्लेट नभएका तथा मेटिएका सवारी साधनको नम्बर लेख्ने काम बुधवारबाट शुरु गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जवेगूले जानकारी दिए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## TO WHOM IT MAY CONCERN

We would like to inform you that Ram Bahadur Thapa G12301497A HAV (GD), father's name is Bhim Bahadur Thapa working in India Assam Rifles and his name is Ram Bahadur Khadka in his Nepali citizenship. Wife name Nirmala Khadka, daughter name Reecha Khadka, It is make clear that Ram Bahadur Thapa and Ram Bahadur Khadka is one and the same person and his father Bhim Bahadur Thapa and Mitra Bahadur Khadka.

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- जवरजस्ती करणी गर्नेलाई महिलाको उमेरको आधारमा सात बर्षदेखि बीस बर्षसम्म कैद हुने।
- हाडनाता करणी गर्नेलाई नाताको आधारमा एक बर्ष कैददेखि जन्मकैदसम्म हुने।
- सरकारी कर्मचारीले थुनामा रहेका व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा समेत तीन बर्षसम्म कैद हुने।
- आफ्नो संरक्षण र सुरक्षामा रहेका व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा समेत तीन बर्षसम्म कैद हुने।
- कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा समेत चार बर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिवाना हुने।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## कर्मचारी आवश्यकता

यस निरन्तर बचत तथा ऋण सहकारी संस्था लि.का लागि कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका तथा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

**पदः** लेखापाल
**योग्यताः** व्यवस्थापन संकायमा +२ वा स्नातक तह उत्तीर्ण
**अनुभवः** सहकारी क्षेत्रमा काम गरेको १ बर्ष पूराभएको
**तलबः** संस्थाको नियमानुसार। आपसी समझदारीमा
**निवेदन शुल्कः** ३००।-
**आवश्यक कागजपत्रः** शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र, पासपोर्ट साइजको २ प्रति फोटो, हस्तलिखित निवेदन
**निवेदन दिने अन्तिम मितिः** २०७७।०८।०६ गते अफिस समयसम्म
**छनौट प्रक्रियाः** लिखित मौखिक प्रयोगात्मक

सम्पर्कः **निरन्तर बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-५, झापा (डेनियल होटल पूर्व)
फोन नं. ०२३-५४६३६२, ९८१६९६१५१६

## हार्दिक बधाई

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका देशभरका शाखाहरुमध्ये सर्वोत्कृष्ट बिर्तामोड शाखामा कार्यरत झापाकी सशक्त महिला नेतृ **श्री निर्मला खतिवडा**ज्यू यस विषम् परिस्थितिमा पनि विश्वका अभिकर्ताहरुको मान्यता प्राप्त सर्वोच्च अन्तर्राष्ट्रिय संस्था **Million Dollar Round Table** अन्तर्गत बिर्तामोड शाखामा **2nd MDRT** हुनुभएकोमा हार्दिक बधाईका साथै आगामी दिनमा अझ सफलताको सिंढी चढ्दै जानुहोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।



**श्री निर्मला खतिवडा**

MDRT®

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. परिवार
जिन्दगी जीवन अमूल्य छ..



**जीर्ण बन्यो प्राचीन धार्मिक क्षेत्रः** सुनसरीको बराहक्षेत्र नगरपालिका-१स्थित जीर्ण भएको सूर्यकुण्ड क्षेत्र । प्राचीन धार्मिक तथा सांस्कृतिक महत्व बोक्ने यो क्षेत्रमा कुनै बेला विशाल पोखरी भएको तर अहिले बगेर सकिएको स्थानीय पाका बताउँछन् । बराहक्षेत्रका मेयर नीलम खनाल अब सूर्यकुण्डलाई पुनर्जीवन दिने तयारी भएको बताउँछन् । **तस्वीरः विराट अनुपम/रासस**

# हवाई यात्रुको पर्खाइमा ट्राभल व्यवसायीहरु

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, कात्तिक २६।** सरकारले स्वास्थ्य सुरक्षाको मापदण्डसहित असोज ५ गतेबाट आन्तरिक हवाई सेवा खुला गरे पनि सीमावर्ती क्षेत्रमा सञ्चालनमा रहेका ट्राभल व्यवसायीहरु हवाई यात्रुको अभावमा समस्यामा परेको बताउँछन् ।

कोरोना भाइरसका कारण छ महिनासम्म बन्द भएको आन्तरिक हवाई सेवा सरकारले गएको असोज ५ गतेदेखि स्वास्थ्य सुरक्षाको मापदण्डसहित गर्ने निर्णय गर्‍यो । सरकारी निर्णयले जिल्लामा सञ्चालनमा रहेका ट्राभल व्यवसायीहरुले खुशी व्यक्त गरे ।

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेण्ट्स १ नम्बर प्रदेशका अध्यक्ष उदयकुमार श्रेष्ठ सरकारले आन्तरिक हवाई सेवा सञ्चालन गर्ने निर्णय गरेपछि नियमित उडान भए पनि अहिले सीमा क्षेत्रका ट्राभल व्यवसायीहरु हवाई यात्रु अभावमा समस्या व्यहोर्न बाध्य भएको बताउँछन् । छ महिनाअघिदेखि सुनसान रहेको झापाको भद्रपुर विमानस्थलमा अहिले जहाज र यात्रुको केही चहलपहल बढेको भएपनि नेपाल भारत सीमाको काँकरभिट्टामा सञ्चालनमा रहेका ट्राभल व्यवसाय हवाई यात्रु अभावमा सुनसान बनेका छन् ।

सीमा क्षेत्रमा रहेका अधिकांश ट्राभल व्यवसाय भारतीय हवाई यात्रु तथा पर्यटकका भरमा चलेका छन् । तर, अहिले कोभिड-१९ का कारण भारतीय नागरिकहरुलाई नेपाल प्रवेशमा निषेध गरेसँगै हवाई यात्रुको चाप समेत घट्दो छ । यसैका कारण व्यवसायीहरुले ठूलो आर्थिक व्यवभार व्यहोर्नुपरेको छ । झापाको भद्रपुर तथा मोरङ्गको विमानस्थलबाट जाने हवाई यात्रुहरुको टिकट गर्ने काम काँकरभिट्टाका ट्राभल व्यवसायहरुले गर्दै आएका छन् ।

भद्रपुर विमानस्थलबाट अहिले दैनिक बुद्ध एयरको तीन वटा, यति एयरको दुई वटा श्री एयर र सौर्य एयरको एक-एक वटा गरी कूल सात वटा विमानले नियमित उडान गरिरहेको भद्रपुर विमानस्थलले जनाएको छ । यतिखेर नियमितरुपमा हवाई कम्पनिहरुले उडान गरे पनि काँकरभिट्टा क्षेत्रमा ट्राभल व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरुलाई कुनै फाइदा नपुगेको ट्राभल संघ झापाका अध्यक्ष नीरबहादुर कार्की नेत्र बताउँछन् ।

विशेषगरी काँकरभिट्टामा सञ्चालनमा रहेका व्यवसाय ट्राभलहरु भारतको सिक्किम, दार्जिलिङ्ग, कालेम्पोङ्ग, खर्साङ्ग, आसाम लगायतका ठाउँबाट आउने हवाईयात्रुहरुले यो नाका प्रयोग गर्ने गरेको व्यवसायीहरुको भनाई छ । अहिले यो नाकाबाट नेपाल आउने भारतीय हवाई यात्रुहरुको संख्या शून्य झैं रहेको अध्यक्ष कार्की बताउँछन् । अहिले आन्तरिक हवाई सेवा शुरु भए पनि ट्राभल व्यवसायीहरुलाई कुनै फाइदा नपुगेको कार्कीको भनाई छ ।

लकडाउनअघि दैनिक एक सयदेखि डेढ सय वटासम्म हवाई टिकट बिक्री हुने गरेको भए पनि पछिल्लो समय कोभिड-१९ का कारण व्यवसाय ठप्प थियो । अहिले मुस्किलले महिनामा दुईवटा टिकट बेच्न नसकेको व्यवसायीहरुको भनाई छ । पछिल्लो समय उडान शुरु भए पनि हवाईयात्रु अभावमा कार्यालय खोल्नु र बन्द गर्नु बाहेक केही नभएको ब्रदर हुड टुर एण्ड ट्राभल काँकरभिट्टाका सञ्चालक मोहन तामाङ्गको भनाई छ ।

भारतीय हवाई यात्रुहरु नआउँदा अहिले ट्राभल व्यवासयीहरु ठूलो मारमा परेको उनको भनाई छ । सहजरुपमा भारतीय पर्यटक आउने अवस्था नभएका कारण पर्यटन व्यवसायीले पीडा व्यहोर्नु परेको उनको भनाई छ । हवाई सेवा त खुल्यो तर, यात्रुको पर्खाइमा काँकरभिट्टाका ट्राभल व्यवासयीहरु बसेका छन् । यो व्यवसाय पर्यटक र हवाई यात्रुको भरमा चल्ने भएकाले उनीहरु नै नआएपछि व्यवसाय धान्न गाह्रे भएको झापा टुर एण्ड ट्राभल काँकरभिट्टाका व्यवस्थापक भवानी निरौलाको भनाइ छ ।

## आमा बन्दै ‘भद्रगोल’की रक्षा !



टेलसिरियल भद्रगोल, सक्किगोनीकी कलाकार रक्षा श्रेष्ठ आमा बन्दै छिन् ।

लामो समयदेखि कलाकारितामा व्यस्त भएकी रक्षा गर्भवती भएकै कारण केही समय कलाकारिताबाट ब्रेक लिने बुझिएको छ । हालै एक युट्युव अन्तरवार्तामा सक्किगोनी टिमका कलाकारले रक्षा आमा बन्न लागेको कुरा खुलाएका हुन् । उनी गर्भवती भएको कारण सक्किगोनीको अबको भागमा रक्षा नहुने पनि बताइएको छ ।

भद्रगोलदेखि सक्किगोनीसम्म आउँदा रक्षा र जिग्रीको जोडीलाई दर्शकले निकै रुचाएका थिए । त्यस्तै रक्षा पछिल्लो समय म्युजिक भिडियोमा पनि निकै व्यस्त छिन् ।

## वैदेशिक रोजगार कसूरका फरार उप्रेती पक्राउ


**दमक, कात्तिक २६।** तीन वर्षअघि बैदेशिक रोजगार कसुर मुद्दामा अदालतबाट सजाय सुनाइएका झापा, कन्काई नगरपालिका-३का ३६ वर्षीय सौरभ उप्रेती पक्राउ परेका छन् ।

तीन वर्षअघि जिल्ला अदालत झापाले उप्रेतीलाई कसुरवापत एक वर्ष छ महिना कैदसहित रु. एक लाख ५० हजार जरिवाना फैसला भएको थियो ।

फैसलापछि फरार भएका उप्रेतीलाई तीन वर्षपछि जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय सुरुङ्गाको टोलीले दुई दिनअघि घरबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले बताए ।

अभियुक्त उप्रेतीलाई अदालतमा उपस्थित गराई फैसलाबमोजिम कैद भुक्तानीका लागि कारागार चलान गरिएको उनले बताए ।

## ‘मैले क्यान्सर जितें’



**भारत, कात्तिक २६।** केही महिना अघि फोक्सोको क्यान्सर भएको पत्ता लागेका सञ्जय दत्तले क्यान्सर जितेका छन् । दत्तले यसबारे आफैंले सामाजिक सञ्जालमा क्यान्सरको लडाइमा आफूले जित हासिल गरेको उल्लेख गरेका छन् ।

उनले आफ्नो सामाजिक सञ्जाल ट्वीटरमा पछिल्लो समय परिवारका लागि कठिन भए पनि आफूले रोगलाई हराएपछि सबै कुरा ठीक हुँदै आएकोसमेत उनले उल्लेख गरेका छन् । उनी लेख्छन्- ‘भनिन्छ नि भगवानले आफ्नो बलियो योद्धालाई निकै गाह्रो लडाइँ दिन्छ । आज म मेरा छोराछोरीको जन्मदिनको अवसरमा यो लडाइँबाट बिजयी भएको छु । र, उनीहरूलाई उपहार दिन सफल भएको छु ।’ उनले यो लडाइँमा साथ दिने परिवार, साथीहरू र सबै फ्यानहरूप्रति आभार प्रकट गरेका छन् ।

# सू चीको लोकप्रियता, दललाई बहुमत

**झापा, कात्तिक २६।** भर्खरै सम्पन्न आम निर्वाचनमा म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ साङ सू चीको दल नेशनल लीग फर डेमोक्रेसी एनएलडीले बहुमत प्राप्त गरेको छ ।

राष्ट्रपति प्रणाली भएको म्यान्मारमा अब एनएलडीले राष्ट्रपतिको चयन र नयाँ सरकार गठन गर्नेछ । एनएलडीलाई राष्ट्रपति चयनका लागि प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी ३२२ सदस्य आवश्यक पर्नेमा एनएलडीले ३६१ स्थानमा बिजय प्राप्त गरिसकेको छ । मतगणना जारी रहेको ९५ निर्वाचन क्षेत्रमा पनि एनएलडीका उम्मेदवार अन्य उम्मेदवारभन्दा अगाडि छन् ।

**सू चीको लोकप्रियताको मापन**

म्यान्मारभित्र र बाहिर यो चुनावलाई सू चीको लोकप्रियता मापनको रूपमा हेरिएको थियो । रोहिन्ज्या प्रकरणपछि विश्वभर नै सू चीको आलोचना भएको थियो । सू चीले प्रजातन्त्रको लागि संघर्ष गर्दा पाएका कतिपय सम्मान र पुरस्कार उनीबाट खोसियो पनि तर यसपटकको चुनावी परिणामले देशभित्र भने उनको लोकप्रियता थप बढेको देखियो ।

हालसम्मको मत परिणामलाई हेर्दा उनको पार्टीले सन् २०१५मा भन्दा धेरै मत र संसदमा धेरै सिट जित्ने पक्का छ । सन् २०१७ मा म्यान्मारको रखाइन राज्यमा भएको हिंसापछि लाखौंको संख्यामा रोहिन्ज्या शरणार्थीहरू देशबाट भागेका थिए ।

गम्भीर प्रकृतिको मानव अधिकार हनन् भएको भन्दै म्यानमारबाट सात लाखभन्दा धेरै रोहिन्ज्या शरणार्थी बंगलादेश पुगेपछि सू चीले राष्ट्रसंघीय अन्तर्राष्ट्रिय अदालत द हेगको यात्रा पनि गर्न पर्‍यो ।

**‘नागरिकको प्रजातन्त्रप्रतिको रुझान’**

म्यान्मारको राजनीति र इतिहासबारे जानकार लेखक थान्ट मिन्ट यु सू चीको यो विजय बर्मेली नागरिकको प्रजातन्त्रप्रतिको रुझान हो भन्छन् । यो निर्वाचनलाई पनि मतदाताले आङ साङ सू चीको सेनासँगको संघर्षको रूपमा लिए- थान्ट मिन्ट युले भने- बर्मेली मतदाताको लागि प्रजातन्त्र महत्वपूर्ण हो भन्ने सन्देश चुनावले दिएको छ ।

म्यान्मारको दोस्रो ठूलो दल युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी युएसडीपी सेना समर्थित दल हो। पहिलो ठूलो दल एनएलडी र दोस्रो ठूलो युएसडीपीबीच धेरै मतमतान्तर छ । अहिलेसम्म युएसडीपीले जम्मा २१ स्थानमा मात्र विजय हासिल गरेको छ । अमेरिकामा गत साता भएको चुनावका कारण संसारभर म्यान्मारको यो पटकको चुनाव भने छायाँमा पर्‍यो ।



राष्ट्रपति प्रणालीमा अमेरिका र म्यान्मार दुबै देशमा राष्ट्रपति भन्ने प्रत्यक्ष मतदानबाट चुनिने हैनन् । अमेरिकामा इलेक्टरल कलेजमार्फत राष्ट्रपति चुनिन्छन् भने म्यान्मारमा संसद्को दुबै सदनको बहुमत सांसदको मतदानबाट राष्ट्रपति चुनिन्छन् ।

अमेरिकामा जस्तै म्यान्मारमा पनि दुबै सदनका सदस्य भने प्रत्यक्ष जननिर्वाचित हुन् । अमेरिकामा दुबै सदनको गरी ५३८ सिट संख्या छ र म्यान्मारमा दुबै सदनको गरी ६६४ सिट । तर, म्यान्मारमा सन् २००८ को संविधान अनुसार सेनाका लागि २५ प्रतिशत अर्थात १६६ सांसद संख्या सुरक्षित छ । जहाँ सेना प्रमुखले आफूले मन लागेका बहालवाला सैनिक अधिकारीलाई सांसद बनाएर पठाउँछन् ।

सैनिक शासनकै बेला लेखिएको संविधान परिवर्तन गर्ने सू ची र उनको दल एनएलडीको प्रमुख माग हो । संविधान परिवर्तन वा संशोधन गर्न ७५ प्रतिशतभन्दा धेरै सांसदको सहमति हुनुपर्छ ।

पच्चीस प्रतिशत सांसद सैनिक हुने भएकाले सेनाको सहमतिबिना संविधान संशोधन हुँदैन । त्यसैले कोही विश्लेषक म्यान्मारको प्रजातन्त्रलाई ७५ प्रतिशत प्रजातन्त्र भनेर व्यंग्य गर्छन् । सांसदबाहेक संविधान अनुसार गृह, रक्षा, सीमा सुरक्षासहितका मन्त्री र उपराष्ट्रपतिलगायत महत्वपूर्ण पद सेनाका लागि सुरक्षित छ ।

प्रमुख प्रतिपक्ष दल युएसडीपी पनि सेनाको समर्थन प्राप्त दल हो, जसले सन् २०१५को चुनावमा ४१ सिट प्राप्त गरेको थियो । यसपटक केही सांसद संख्या घटेपनि युएसडीपी नै प्रमुख प्रतिपक्ष दल हुनेछ । चुनाव जिते पनि सू ची राष्ट्रपति हुन पाउँदिनन् । संविधानमै विदेशीसँग बिहे गरेकालाई म्यान्मारको राष्ट्रपति बन्न नमिल्ने बनाइएको छ । सू चीको बिहे बेलायती नागरिकसँग भएको हो । श्रीमान् मरिसके पनि उनका दुई छोरा बेलायतमा बस्छन् ।

यो निर्वाचनमा सेनाको लोकप्रियता भने घटेको देखियो । सेना प्रमुख मिन आङ लेङले प्रत्यक्ष वा परोक्ष रुपमा धर्म र देशको सच्चा सेवकलाई मात्र भोट दिन पर्छ भन्दै युएसडीपीको पक्षमा चुनावी माहौल तयार पार्ने कोशिस गरेका थिए ।

यसपटक एनएलडीले मुसलमान समुदायका दुई जना उम्मेदवारलाई पहिलोपटक टिकट दिएकोमा कट्टरपन्थी बौद्धमार्गी बर्मेलीले त्यसको विरोध गरेका थिए । ती दुबै उम्मेदवार विजयी भएका छन् । भोटिङको पाँच दिनअघि मात्र सेना प्रमुखले वक्तव्य र अन्तरवार्तामार्फत् चुनावमा अनियमितता भएको बताएका थिए । उनले एनएलडी सरकारले गठन गरेको निर्वाचन आयोगलाई असक्षमको आरोप पनि लगाए । आइतवार भोट खसालेपछि भने संवाददाताको प्रश्नमा सेना प्रमुख मिन आङ लेङले चुनावी परिणामलाई सेनाले स्वीकार गर्ने बताए ।

रोहिन्ज्या प्रकरणले सू चीलाई देश भित्र भने लोकप्रिय हुने अवसर दियो । उनले द हेग पुगेर मानव अधिकार उल्लंघन गरेको म्यान्मारी सेनाको पक्षमा वक्तव्य दिएपछि उनको लोकप्रियता बढेको आकलन अर्का विश्लेषक फ्यो विन लिन गर्छन् । सेना समर्थकले सू चीलाई देशको र आफ्नो जातिको भन्दा मुसलमानको माया गर्ने भनी चित्रित गर्न खोजेका थिए । त्यसैलाई चिर्न उनी द हेग पुगेको फ्यो विन लिन विश्वास गर्छन् ।

**तीनै जना नेपालीभाषी उम्मेदवार पराजित**

यो चुनावमा तीन जना नेपालीभाषी उम्मेदवार पनि थिए । शान प्रदेशका शंकर कँडेल, कचिन प्रदेशका गणेश बस्नेत र छिन प्रान्तका सुन्दर मान । तीनै जना उम्मेदवार एनएलडीका उम्मेदवारसँग पराजित भए । सुन्दर मान निकटतम् प्रतिद्वन्द्वी भए । एनएलडीका उम्मेदवारले १५,३१७ ल्याएको ठाउँमा सुन्दर मानले ८,९९२ मत ल्याए । अरू दुई नेपालीभाषी उम्मेदवार बस्नेत र कँडेलले आफ्नो जमानत जोगाउन पनि सकेनन् । वीवीसी

## सामान बरामद

**मोरङ, कात्तिक २६।** मोरङको विराटनगर सीमा एरियामा रहेको भारतीय बजार जोगबनीबाट भन्सार छली गरी ल्याएका करिव तीन लाखभन्दा बढी मूल्य बराबरका सामानहरु बरामद गरिएको छ ।

विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले विराटनगर-९स्थित सडक किनाराबाट १ लाख ४५ हजार ३ सय रुपैयाँ मूल्य बराबरको लत्ताकपडा तथा किराना सामानहरु बरामद गरेको हो ।

## ९ करोडको ...

पनि संलग्नता हुन सक्ने बताए । एउटै जग्गाको दुई वटा सिफारिस वडाध्यक्ष पाण्डेले दिएको भन्दै भू-माफियासँग वडाध्यक्ष पाण्डेको साँठगाँठ भएको उनले आरोप समेत लगाएका छन् ।

नापी कार्यालय झापामा सो जग्गाको मोठ कायम गर्ने क्रममा किर्ते गरेको फेला परेपछि सो जमिनमा बसोबास गर्ने र जग्गा धनीलाई पत्राचार गरेपछि घटना सार्वजनिक भएको छ ।

नापी कार्यालय झापाले जी ट्रेडिङ प्रालि ललितपुरसहित मुना गिरी, देवी लिम्बू, जीवनाथ निरौला, भगवती आवास कम्पनी प्रालि, नवराज निरौला, सूर्यबहादुर वन, अजय चौधरी, टंक प्रसाद ढकाल, खिनमाया कडरिया, धर्मप्रसाद तिम्सिना, भीष्म बिमली, दीपा लिम्बू र बिनोद कुमार निरौलालाई आ-आफ्नो प्रमाण लिएर सात दिनभित्रमा नापी कार्यालयमा उपस्थित भएर नक्सा सुधार कार्यमा सहयोग गरिदिन नापी कार्यालयका प्रमुख नापी अधिकृत डिल्लीराज भण्डारीले पत्राचार गरेका छन् । उनले बिर्तामोड नगरपालिका वडा नम्बर १लाई आवश्यक सहयोग गरिदिन समेत पत्रमा आग्रह गरेका छन् ।

दुई वर्षअघि बिर्तामोड-१का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, अमिन रामकुमारसहित दुई महिलालाई लिएर उक्त स्थानमा कित्ता नम्बर ६२२को जग्गा खोज्दै आएको र यो स्थानमा उक्त कित्ताको जग्गा नभएको र सो जग्गा पैनीमा पर्ने जानकारी गराए पनि अहिले आएर पाण्डे आफैंले सोही ठाउँमा कित्ता पर्ने भनी सिफारिस दिनुले उनको यस कार्यमा संलग्नता रहेको प्रसाईको आरोप छ । भू-माफियाले सात कट्ठा जग्गा हडप्ने प्रयास गरेको प्रसाईको भनाइ छ ।

आफूले निरौला परिवारबाट जमिन लिएको र अरुलाई बिक्री गरिसकेको अवस्थामा अहिले आएर भू-माफियाले आफूले बिक्री गरेको जमिनलाई आफ्नो जमिन भन्दै बैंकबाट समेत कारोवार गर्न कागजात तयार पारेको पत्रकार सम्मेलनमा प्रसाईले बताएका छन् । जग्गाको नक्सा आयो, प्रमाणित नक्सा आयो, धनी पूर्जाको फोटोकपी आयो, जग्गाधनी स्वयम् आएकाले सिफारिस दिएको हो- बिर्तामोड वडा नम्बर-१का अध्यक्ष पाण्डेले भने - यो कार्यमा मेरो कुनै संलग्नता छैन, यदि मेरो संलग्नता भएको कसैले प्रमाणित गर्छ भने म अहिले नै पदबाट राजीनामा दिन तयार छु ।

## गाडी ...

ट्राफिक प्रहरीले यातायात व्यवस्था कार्यालय मेचीसंग समन्वय गर्दै राजमार्गमा चेकजाँचलाई तीव्र बनाएको हो । दुर्घटना गराएर सवारी साधन फरार हुने र चोरीका सवारीसाधन समेत सञ्चालन हुन सक्ने भन्दै ट्राफिक प्रहरीले सवारीको नम्बर प्लेटमा कडाई गरेको हो । अभियान सञ्चालनकै दिन एक सय ५० भन्दा बढी सवारी साधनको नम्बर प्लेट लेख्ने काम भएको छ ।

यो महना मात्रै १६७ वुलेट र आवाज ठूलो निकाल्ने मोटरसाइकललाई समेत प्रहरीले कारवाही गरेको छ । चाडवार्ड तथा वनभोजको समय शुरु हुन थालेकाले यो समयमा मादक पदार्थ सेवन गरेर सवारी सञ्चालन गर्दा दुर्घटना बढ्न सक्ने भन्दै अभियान थालिएको बताइएको छ ।

यता यातायात व्यवस्था कार्यालयका प्रमुख कृष्णचन्द्र पौडेलले ट्राफिक प्रहरीसँग साझेदारी गर्दै नम्बर प्लेट लेख्ने कार्यलाई जिल्ला भर सञ्चालन गर्ने बताएका छन् ।

उनले कागज पत्र नभएका सवारी साधनलाई कारवाहीको दायरामा ल्याउन यो अभियान फलदायी हुने विश्वास व्यक्त गरेका छन् ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



कर्मचारी आवश्यकता

**विज्ञापन नं. ००१/०७७/०७८** **प्रथमपटक प्रकाशित मिति २०७७।०७।२६**

श्री लक्ष्मी बहुउदेश्यीय सहकारी संस्था लि., बिर्तामोड-४का लागि देहाय बमोजिमका कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुबाट मिति २०७७ मंसीर ७ गतेसम्ममा दरखास्त दिन आव्हान गरिन्छ ।

| क्र.स. | पद | श्रेणी | संख्या | योग्यता |
|---|---|---|---|---|
| १. | सहायक कनिष्ठ | सहायक तह | २ | सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण भएको साथै सवारी चालक अनुमति पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ । |
| २. | कार्यालय सहयोगी | सहयोगी तह | १ | कक्षा ८ वा सो सरह उत्तीर्ण भएको |

**आवश्यक कागजातहरु :**
१. हस्त लिखित निवेदन तथा बायोडाटा
२. नेपाली नागरिकताको प्रतिलिपि/PP Size फोटो १ प्रति
३. सवारी चालक अनुमति-पत्रको प्रतिलिपि
४. शैक्षिक योग्यता प्रमाणपत्र प्रतिलिपि र अनुभव तथा तालिम प्रमाणपत्र प्रतिलिपि

पदपूर्ति उपसमिति
**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.**, सम्पर्कः ०२३-५४०७३४



डा. रवि शाही
MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
बरिष्ठ मुटु रोग विशेषज्ञ

के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ । समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस् ।

सम्पर्कः प्रदीप फार्मेसी
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

## आत्मानुशासन कायम गरौं

**नेपाल कोरोना भाइरसले संक्रमण अति उचच हुने देशको सूचीमा परेको समाचारले नेपालीलाई अझै छुन सकेको छैन । अझै नेपालीको दिनचर्या पूर्ववत् छ अर्थात् अनावश्यक भीडभाड कम हुने, 'आउजाउ' रोकिने अवस्था बनिएको छैन । हुँदाहुँदा पाहुना लाग्ने, घुमफिर गर्ने, अस्वस्थ हुँदाहुँदै पनि सार्वजनिक भइरहने क्रम रोकिएको छैन । झापा पूर्वी नेपालको अति प्रभावित जिल्लामा परिसकेको सन्दर्भले झापालीमा चिन्ता देखिएको छैन । हुँदाहुँदै सरकारका तर्फबाट बाध्यात्मक उपचार छाडेपछि त बढ्न थालेको भीडभाडले कोरोनाको संक्रमण लाग्छ सबै परिवारमा प्रवेश गरिसकेको छ । सरकारले रोकथाम, नियन्त्रण र उपचारबाट हात झिकेपछि जनतामा निराशा मात्र आएन लापरवाही गर्ने क्रम पनि बढेर गयो । स्वास्थ्य सेवाको पहुँच जनताको संविधान प्रदत्त अधिकार भएको भन्दै सरकारले त्यसको प्रत्याभूत गर्नुपर्ने अदालतको आदेश पछि भने सरकार कोरोना परीक्षण र उपचार गर्न बाध्य बनिएको छ ।**

**उपचार नै नभएको भाइरसको महाव्याधी व्यापक भइसकेको छ । झापामा पनि लक्षणसहितको विरामीको संख्या दिनहुँ बढ्ने क्रममा छ भन्ने मृत्यु हुनेको संख्या पनि बढ्दै छ । औषधि नै नभएकोले उपचार असम्भव जस्तै हुँदा संक्रमणको पहिचान नै हुन छाडेको छ । झापामा भएको एकमात्र कोभिड विशेष अस्पताल मेचीमा विरामी बस्नै नरुचाउने कारण नै सेवाको अभाव हो भनिन्छ । जनशक्ति, उपकरण र स्वास्थ्य सामग्रीको अभावमा अस्पतालले विश्वासयोग्य सेवा प्रवाह गर्न नसक्नु स्वभाविक नै हो । यस्तोमा प्रत्येक नागरिकले स्वयम्ता चेतना जाग्रत गर्नुपर्छ तर 'नमरी स्वर्ग देखिन्न' भने जस्तै आफूलाई नपरी कोही पनि नचिन्ने मानसिकतामा छन् । यसले कोरोना कहर त्रास मात्र होइन, जीवन हरण गर्ने कारण बनाइरहेको छ ।**

**विश्वका ठूला र समृद्ध भनिने देशहरुले झण्डै एक वर्षको समय उपचारको पद्धति र औषधिको खोजमै खर्च गरिसकेका छन् । अझै भरपर्दो उपचार दिन नसकिरहेको अवस्थामा नेपालीले उपचार र सुरक्षा पाउने कुरा 'लंकाको सुन' सरह हो । त्यसैले उपचारभन्दा पनि 'वचाव' नेपालीको बाँच्ने पहिलो पर्छ । भीडभाडबाट जोगिने, दूरी कायम गर्ने, स्वास्थ्य रक्षाको मादपण्डको पालना गर्ने र परम्परागत जीवनशैलीको अनुशरण गर्नु नै कोरोना भाइरसको संक्रमणबाट जोगिने सर्वोत्तम उपाय हो । यसले मात्र नेपालीको रक्षा गर्न सक्छ, सबैमा चेतना होस् ।**

# कोभिडसँगको मेरो पौंठेजोरी



**तुलसीराम खरेल**

मैले थाहै नपाई कोरोना भाइरससँग लड्नु पर्‍यो । अघिल्लो बर्ष चीनमा देखापरेको कोरोना भाइरसलाई आफ्नै शरीरभित्र स्वागत गरेर, साता दिनभन्दा बढी समय उच्च ज्वरोको सामना गर्दै बाँचियो । यो अनुभव सबैलाई काम लागोस् भनेर एउटा आलेख तयार पारेको छु । यसले अवश्य केही न केही सहयोग पुर्‍याउने नै छ ।

असोज २० गतेको दिन थियो । अलि सञ्चो नभएको होकी झैं मात्र थियो । बिहान कलेज गएँ, तर दिउसो स्कूल गइनँ । राति जिउ रनक्क भएर ज्वरो आयो । हत्तपत्त तल्लो तलाको कोठामा आएर सुतेँ । सिटामोल र एजिथ्रोमाइसीन शुरु गरेँ । २२ गते एजिथ्रोको कोर्ष सकियो । सञ्चो भए झैं भयो । अफसोच शुक्रबार २३ गते दिउसोदेखि उच्च ज्वरो आयो । थर्मोमिटर लगाएर घण्टा-घण्टामा नापी रहेँ। तापक्रम १०३.८ सम्म पुग्यो । चिकित्सककै सल्लाह अनुसार मेडोमोल कम्पनीको प्लेन सिटामोल खायो केही नै हुँदैन । निम्स, फ्लेग्जोन जस्ता औषधि नखाने सल्लाह चिकित्सकको छ । रात भर अवस्था उही रह्यो ज्वरो १०४ डिग्री फरेनहाईटसम्म आयो । घट्ने कुनै उपाय नै थिएन् । श्रीमतीजीले पानी पट्टी गरिदिन । हात गोडा टाउकोमा चिसो कपडाले पुसपास लगाइदिन जबर्जस्ती मेरो अनुरोधलाई ख्यालै नगरी । मैले आफूलाई छोएपछि पुरै साबुनपानीले हात धुनु भने । राति चार पाँच पटक माथिबाट आउँदै हेर्दै छाम्दै गर्थिन् । छोराहरुलाई कोठामा आउन दिइएन् धेरै कुरा पनि भनिएन । बच्चाहरुको स्कूलमा परीक्षा चलिरहेको अवस्था थियो ।

कक्षा १० मा पढ्ने ठूलो छोराको म्याथ, साइन्सका समस्याहरु समाधानमा केही गर्न सकिएन् । खाना कोठामै श्रीमतीले ल्याई दिन्थिन म आफूले खाएका थाल बटुको र गिलास सफा गर्थें । बाथरुम अलग्गै रहेकोले समस्या भएन् । मौसमी फ्लू हुन सक्ने र विगतमा यसरी नै सताउने गरेका कुराहरु स्मरण भए । आइतबार, सोमबार अवस्था उही भयो । तापक्रम १०१/१०२ सम्म हुने । सिटामोलले खासै काम नगर्ने रिपिट भई हाल्ने हुन थाल्यो । तातो पानी, अधुवा, बेसार, गुर्जो पानी कति खाइयो पत्तै छैन् । उच्च ज्वरो नभएको बेला बाफ लिने कार्य पनि भए । पीसीआर टेष्ट गराउने योजना हुन थाल्यो । डेँगो, मलेरिया, टाईफाइट सबै चेक गराइयो । परिणाम नेगेटिभ देखियो । युरिन पनि इन्फेक्टेड देखिएन । अब कोभिडको शंका भयो । नगरपालिकामा स्वाब टेष्टको लागि नाम टिपाउने कार्य भइसकेको थियो ।

मंगलबार नगरपालिका स्वास्थ्य शाखाका एकजना सरले फोन गर्नुभयो । उहाँले भन्नुभयो- 'भोलिपल्ट बिहान आठ बजे मेची आँखा अस्पतालको पूर्वको सानो गेटबाटभित्र आएर फोन गर्नु होला स्वाब कलेक्सनको लागि ।' राती त आफ्नै मोटरसाइकलमा जाने सोचेँ । बिहान त उपाय नै भएन् । एक्लै जान श्रीमतीले दिइनन् । दुबैजना टेम्पो चढेर सैनिकमोडस्थित आँखा अस्पताल पुग्यौं, भित्र गयौ । पुरै घाममा दुई घण्टा उभिनु पर्‍यो । कहिले लाइन लगाउने, कहिले फेरि लाइन तितरबितर हुने । करिब ५० जना मानिसहरु सोसियल दूरी कायम गरेर चौरमा उभिने काम भयो । धेरै जना त बिदेशबाट आएर क्वारेन्टिन अवधि पूरा गरेर आएका र कोही परिवारकै इन्फेक्टेडबाट संक्रमित भएकाहरु समेत थिए । प्रचण्ड घाममा उभिनुपर्‍यो, भुइँ बस्न नसकिने हल्का हिले र धुले प्रकारको थियो । त्यसबेला बेकार पीसीआर दिन आइएछ झैं लाग्यो । ज्वरो १०० डिग्री जति थियो ।

साढे १० बजे स्वाब संकलन गर्ने कार्य भयो । हामी घर फर्कियौं । खाना खाएपछि पुनः ज्वरो आयो । खुट्टा धेरै पोल्ने हुन थाल्यो तापक्रम चाहिँ १०२ डिग्रीसम्म पुग्यो । रातको १२ बजेदेखि ज्वरो हट्यो । दुई/तीन दिनसम्म कमजोरी र थकान ज्यादै भयो । ज्वरो हटे पनि अधुवा, बेसार पानी, तातोपानी पिउने त नियमित नै हुन थाल्यो । पीसीआरको रिपोर्ट बुझ्न फोन गर्‍यो 'रिपोर्ट आएकै छैन । हामीहरु पनि तपाई जस्तै हौं' भन्नेखाले जवाफ आउन थाल्यो । कति फोन गर्‍यो डिस्टर्व वा इन्गेज हुने । नगरपालिकाका कोभिड युनिटका साथीहरुसँग धेरै फोन गरियो । ज्वरो आउन थालेको शुरुको दिनको हिसाबले १५ दिन कट्यो । तन्दुरुस्त भएको झण्डै हप्ता दिन भयो । छुट्टै कोठामा



दिनभर एक्लै रहने अवस्थाबाट मुक्ति पाइयो, तर घरमा सामाजिक दूरी कायम गरेरै बस्न थालियो भने सुताइ अलग्गै रह्यो ।

विश्व स्वास्थ्य संगठनको प्रोटोकलमा लक्षण देखिएको दुई हप्तासम्म आईसोलेशनमा रहनुपर्ने भनिएको छ । त्यसपछि भाइरस आफैं निष्क्रिय हुने या मर्ने मानिन्छ । अहिले २०२० को जुनदेखि त १४ दिन पछाडिको रिपिटेड पीसीआर पनि आवश्यक नहुने भन्न थालिएको र यसैलाई सबैतिर लागू गर्न थालिएको अवस्था पनि छ । यस्तो अवस्थामा पीसीआर रिपोर्ट स्वाब संकलनको नौ दिनपछि र लक्षण देखिएको १८ दिनपछि प्राप्त भयो । कात्तिक छ गते बेलुकी नगरपालिका कोभिड शाखाका अधिकारी दीपक सरबाट फोन आयो । पीसीआर रिपोर्ट पोजिटिभ भएको खबर प्राप्त भयो । अब त्यसको व्यवहारिक पक्ष फितलो भइसकेको र त्यो अवस्था सार्वजनिक गर्नु आवश्यक ठानिएन बरु सावधानीपूर्वक अरु एक हप्ता घरमै बसियो । दशैं पूर्णरुपले आफ्नै घरभित्र सिमित गरियो । आफ्नो पीसीआर पोजिटिभ भएको परिवारका सबै सदस्यलाई जानकारी गराइयो । यो अवस्थाले केही मानसिक पीडा पनि दियो । समय कटेर आएको रिपोर्टले आफू र परिवारमा तनाव त हुने नै भो यसले उब्जाउने कुरामा चाहिँ अञ्जानबस आफूले कसैलाई संक्रमित त पारिएन ? भन्ने प्रश्न उब्जँदो रहेछ । कुनै लक्षण नभएको र ज्वरो शुरु भएको २०औं दिनसम्म पनि बच्चाहरुमा र श्रीमतीमा संक्रमण भयो की भन्ने डरले जरो गाडेर बस्यो ।

दोस्रो पीसीआर नेगेटिभ आएर पनि आफूमा लक्षण देखिएको १४ दिनपछिको अर्को १४ दिनपछि मात्र ढुक्क भयो । यो ढुक्क विश्व स्वास्थ्य संगठनको पछिल्लो समयमा स्थापित मापदण्ड अनुसार नै थियो । कोरोना अर्थात् कोभिड संक्रमण अपराधी या पापीलाई हुने होइन् । यो विश्वव्यापी महामारी महाव्याधी हो । यो संसारका करोडौं मानिसहरुमा संक्रमण भइसकेको र लाखौंको ज्यान लिइसकेको छ । नेपालमा सरकारले यसबाट हात धुँदै गएको र बन्दाबन्दी समेत नगरिएकोले यसको संक्रमण तथा यसबाट हुने मृत्यु ज्याँदै उच्च देखिन थालेको छ । यसका बिरामीहरुलाई परिवारका सदस्यहरुले मनोबल बढाइदिनेखालका कुराहरु गर्नु पर्दछ । रिपोर्ट पोजिटिभ आएपछि धेरैले आत्महत्या समेत गरेको अवस्था छ । एक्लै कोठामा आईसोलेसनमा बस्दा आउने नकारात्मक चिन्तनबाट बच्ने र बचाउने गर्नुपर्दछ । यो सबैभन्दा ठूलो दायित्व परिवारकै हो । एउटा भुल्नै नहुने पक्ष भनेको केहो भने कोरोना संक्रमण या कोभिड-१९ बाट अति कम मानिसहरु मरेका र धेरै चाहीं रोगमुक्त हुँदै गएको अवस्था छ ।

**ध्यान दिनैपर्ने कुराहरु :**

आफूलाई लक्षणसहित संक्रमण भएको थाहा हुने बित्तिकै छुट्टै कोठामा बस्न थाल्ने । छुट्टै बाथरुम प्रयोग गर्ने । यस्तो अवस्थामा खाना खाने थाल, कचौरा, गिलास छुट्टै राख्ने र आफैं सफा गर्ने । मास्कको प्रयोग अनिवार्य गर्ने । आफूसँग थर्मोमिटर र अक्सिमिटर साथै राख्ने । बाफ लिने उपकरण या पानी तताउने भाँडो साथै राख्ने । डायबेटिजका रोगीहरुमा उच्च ज्वरोको बेला सुगर लेवल ह्वात्तै बढ्न सक्ने भएकोले ग्लुकोमिटरको सहयोगले बेला-बेला सुगरको अवस्था हेर्न सकिन्छ । तातोपानी राख्ने थर्मस, पारासिटामोल तथा चिकित्सकको सल्लाह मुताविकका औषधिहरु आफ्नै कोठामा छुट्टै भेटिने स्थानमा राखिनुपर्ने ।

घरायसी जडीबुटीजन्य बेसार, तुलसी पत्ता, अधुवा, मरिच, हर्रो, गुर्जो जस्ता प्रतिरोधात्मक क्षमता बढाउने सामग्रीहरुको उचित, वज्ञानिक र ठीक ढंगले सेवन गर्न सकिन्छ । यस्तो बेला शक्ति बढाउने पोषणयुक्त खानेकुरा गेडागुडीको रस, सागपात, फलफूल, ड्राई फ्रुट्सहरु (जस्तैः काजु, किसमिस, नरिवल, बदाम आदि), च्याउको सुप, अण्डा आदि ठिक मात्रामा खान सकिन्छ । खासगरी कोभिड संक्रमणमा शरीरलाई न्यानो राख्नुपर्ने जरुरी हुने भएकोले तातोपानी पिउँदै रहनु राम्रो मानिन्छ । बेटाडीन गार्गल र नुन लगाएको तातोपानीले ग्यालगुल गर्नाले घाँटी खसखसाउने समस्याबाट धेरै राहत मिल्दो रहेछ । लक्षण खासै नदेखिएको तर आईसोलेसनमा बस्नुपर्ने अवस्था आएमा योगा, अध्ययन तथा संगीतमा भुलेर दिन कटाउन सजिलो पर्दछ ।

**उच्च ज्वरोमा एकाग्रता प्रयास :**

मैले उच्च ज्वरो अर्थात् १०३/१०४ डिग्रीसम्म तातिएको बेलामा अनेकौ थरी सोचाईहरुलाई मौका नदिनका लागि दुईवटा प्रयास गरेर हेरेँ । मर्छुकी जस्तो लागेको बेलामा स-साना बच्चाहरु तथा परिवारजनतिर ध्यान जान थाल्नु स्वभाविकै हो । मरी हालियो भने के होला ? भन्ने जस्ता प्रश्नहरुमा भुल्दा मनोबल गिर्ने र चिन्ता बढ्ने हुन्छ । यो सबै सांसारिक सोचाईबाट निस्केर मृत्यु शय्यामा कसरी परमात्मा चिन्तन गर्ने त भन्ने खुल्दुली र रहस्य जस्तो नै हुँदो रहेछ । लाखौं बर्षको पृथ्वीका कल्पहरुको आयुको अगाडि क्षणभंगुर मानव चोलालाई साँच्चै नै क्षणभंगुर, नश्वर र मर्नैपर्ने कुरा पटक-पटक सोच्ने मानिसहरुलाई धेरै गाह्रो नहुनुपर्ने जस्तो लाग्छ । मैले उच्च ज्वरोको समय ऊर्जा मेडिटेशन र राजयोगाको अभ्यास गरेर हेरेँ । शरीरदेखि फरक चैतन्यस्वरुप आत्माको अवस्थाको चिन्तनको गहिराईमा पुगेपछि परम्शान्तिको अनुभव हुँदो रहेछ । यो पुरै अस्वस्थतामा पनि सम्भव पार्न सकिँदोरहेछ । चैतन्यस्वरुप आत्माको उषाकालीन गगनको यात्राको मज्जा बेग्लै ।

आनन्दकै बीच भुसुक्कै निदाएको पत्तो नै भएन् । अर्कोदिन खप्तड बाबाको बिचार बिज्ञान अन्तर्गतको विधि प्रयोग गरियो । जसमा आफ्ना विश्वास भएका र पटक-पटक सम्झिरहने भगवानको स्वरुपको मुकुट, शोभायमान मुखमण्डल, बाहु, छाती, चरण सबै सम्झँदै-सम्झँदै आनन्दभाव प्रकट हुन दिने । आनन्दै आनन्दमा टिकिरहने । आरती गर्ने, चरण स्पर्श गर्ने, चंदन अक्षता चढाउने आदि कार्य अन्तरमनले गरिरहने । यसबेला भगवानलाई प्रेमको सागर, सुखको सागर, आनन्दको सागरको रुपमा चिन्तन गर्दै त्यसैमा टिकीरहने । यो उपायले अप्ठेरो समय मात्र होइन मृत्य शय्यामा पनि आनन्दमा रहन सक्ने र मोक्षको समेत अवस्था सृजना गर्छ तथा मृत्युलाई सहज बनाइदिन्छ भनेर साधकहरुले भनेका छन् । यो समय आनन्ददायक मेडिटेशनले समेत सहयोग गर्दछ । यो साधना र पूर्ण विश्वासमा आधारित हूने कारण यसलाई यहाँभन्दा बढी नतन्काउने अनुमति चाहन्छु ।

उच्च ज्वरोले सताएर होम आइसोलेसनमा रहेको समयमा धेरै मित्रहरु, टाढा रहनुभएका परिवारका सदस्यहरुले निरन्तर सम्पर्क गरिरहनुभयो । सबैभन्दा ठूलो मनोवल लिएर मेरी श्रीमतीले गरेको उत्साहजनक व्यवहारले ठूलो औषधिको काम गर्‍यो । केही मित्रहरु औषधि तथा जडीबुटी बोकेर घरमै समेत आउनु भयो । टाढैबाट ग्रहण गरियो । केही औषधि व्यवसायी मित्रहरु र चिकित्सक र स्वास्थ्यकर्मी मित्रहरुसँग बारम्बार सम्पर्क भइरह्यो । कोभिड संक्रमण पुष्टी भएपछि आफ्ना अनुभवहरु आफू संलग्न शैक्षक संस्थाहरुका साथीहरुका समूहमार्फत सार्वजनिक हुँदै रहे । प्रत्यक्ष भेटेर, टेलिफोन तथा सामाजिक सञ्जाल मार्फत सद्भाव राख्नुहुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

# 'बुबाको शव नपठाउनु बरू उतै गाडीदिनु'



**मेघराज सापकोटा**

साविक मेचीनगर-३ र हाल मेचीनगर नगरपालिका-१० निवासी रेवत थापा मगरको शव यतिखेर युनाईटेड अरब इमिरेट्स (युएई)को रस अल खैमह राज्यमा अलपत्र अवस्थामा रहेको छ । ९ महिना पहिले अर्थात् गत फेब्रुअरी १३ तारिकका दिन थापाको हृदयघातका कारण मृत्यु भएको थियो । अहिलेसम्म उनको शव रस अल खैमहको एक अस्पतालको शवगृहमा बेवारिसे अवस्थामा रहेको छ । युएईमा रहेका नेपालीहरु उनको बारेमा बेखबर जस्तै छन् । अहिलेसम्म पनि उनको सद्गती भएको छैन ।

थापा रस अल खैमहको नखील भन्ने स्थानमा नेपालीहरुसँग मिलेर कोठा भाडामा (बेड स्पेस) बस्थे । सँगै बस्ने साथीहरु बिहान उठी काममा गए पनि उनी भने कोठामै बसिरहेका थिए । दिउँसो २ बजेतिर उनी कोठामै मृत भेटिएका थिए । नेपालीहरुसँग सँगै बसे पनि साथीहरुलाई उनले आफ्नो घर ठेगानाबारे कहिल्यै खुलाएनन् । त्यही भएर पनि उनको शव धेरै दिनसम्म बेवारिसे बन्यो । वैदेशिक रोजगारीमा युएईमा कार्यरत झापालीहरुको साझा संस्था 'झापाली समाज युएई' युएईमा रहेका धेरै संस्थाहरु मध्येको एक सक्रिय सामाजिक संस्था हो । यो संस्थामा झापाका विभिन्न स्थानबाट युएई गएर रोजगारी गरिरहेका सयौं झापालीहरु आबद्ध छन् । झापाबाट यहाँ आउने जो कोहीलाई सानो ठूलो जस्तोसुकै समस्या आईपरे पनि यो संस्थाले समाधान गर्न हातेमालो गर्ने गर्छ । तर, रेवत थापा कहिले युएई आए र कहिले उनको मृत्यु भयो भन्नेबारे युएईमा रहेका झापालीहरु अहिलेसम्म पनि बेखबर नै रहे । उनी युएईमा कसैको सम्पर्कमा थिएनन् ।

नेपाली दूताबास, अबुधाबीले परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा बिभागबाट थापाको मृत्युको बारेमा जानकारी पायो । मेचीनगर-१० नम्बर वडाले परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागलाई पत्राचार गरे बमोजिम कन्सुलर सेवा बिभागले थापाको सद्गत गर्नका निम्ती सहमति पत्र नेपाली दूताबास अबुधाबीमा प्राप्त भएको छ । थापाकी छोरी रितु थापाले बाबुको सद्गती गरिदिन अनुरोध गरेको उक्त पत्रमा उल्लेख छ । सहमति पत्र प्राप्त भए बमोजिम थापाको शवलाई व्यवस्थापन गर्ने कार्यमा युएईमा रहेको नेपाली दूताबास र नेपालीहरु जुटेका छन् ।

थापा कहिले र कसरी युएई आए भन्नेबारे स्पष्ट विवरण खुलेको छैन । वैदेशिक रोजगार विभागमा रहेको विवरण अनुसार थापा गत बर्ष २०१९ को नोभेम्बर/डिसेम्बर महिनामा युएईको रस अल खैमहमा रहेको प्रिमियर प्रोजेक्ट म्यानेजमेन्ट कम्पनीमा काम गर्न आएको देखिन्छ । उनले १३ नोभेम्बर २०१९ मा ०४५०३३५० नम्बरको श्रम स्वीकृति लिएका छन् भने युनियन लाईफ इन्सुरेन्स कम्पनीबाट ७६७७०२६९८१ नम्बरको बीमा पोलिसी लिएको देखिन्छ । बीमाको म्याद ५ अक्टोबर २०२२ सम्म रहेको छ ।

श्रोतका अनुसार थापा उक्त कम्पनीमा काम गर्न गएको नभई भिषा किनेर बसेका थिए । कानूनतः उनी कामदार भएर युएई आए पनि खासमा उनी उक्त कम्पनीको कामदार बन्ने उद्देश्यले युएई आएका थिएनन् । बरु कम्पनीको भिषा किनेर स्वतन्त्र रुपमा काम गर्नको लागि आए । उनी कसको माध्यमबाट के काम गर्नको लागि भिषा किनेर यसरी युएई आए भन्नेबारे भने केही खुलेको छैन । आजकल युएईमा कम्पनीको भिषा किनेर अबैध ढंगले काम गर्ने धेरै नेपालीहरु भेटिन्छन् । यसरी भिषा किनेर बस्नु हरेक दृष्टिकोणले जोखिमपूर्ण छ नै अर्कोतिर एउटा कम्पनीको भिषा लगाएर अर्को कम्पनीमा काम गरेको पाइएमा काम लगाउने र काम गर्ने दुबैलाई कानूनी कारबाही हुन्छ । यो गैर कानूनी कार्य हो ।

यो पंक्तिकारसँग सम्पर्कमा आएका नीजका छिमेकी अनिल शाहले थापाको मृत्यु भएपश्चात शवलाई सद्गत गर्नको लागि निकै प्रयास गरेको बताउँछन् । मृतकका भाइ (नाम नखुलेको) पनि युएईमा नै कार्यरत रहेको बुझिएको छ । सो समयमा परिवारबाट सहमति पत्र प्राप्त नभएकोले केही गर्न नसकिएको शाहको भनाइ छ । 'हामीले पटक-पटक ताकेता गर्दा पनि उनको परिवारबाट सहमति पत्र पाएनौं' -शाहले भने- 'हामीले (मृतकको भाइसहित) नेपाली दूताबासलाई जानकारी गरायौं, धेरै पटक स्थानीय प्रशासन धायौं तर सहमति पत्र नपाएपछि केही गर्न सकेनौं, केही गर्न नसकेको सम्झिँदा अहिले पनि दुःख लाग्छ ।'

उनको मृत्यु भएको खबर पाएपश्चात झापाली समाजले संस्थामा आबद्ध सदस्यहरुलाई थापाको बारेमा खोजी-नीति गर्न शुरु गर्‍यो । तर, युएईमा थापालाई चिन्ने जान्ने कोही पनि भेटिएन । झापाली समाजको झापा जिल्लास्थित सम्पर्क समितिको कार्यालय मार्फत थापाको घर धुलाबारी बजारमा रहेको भन्दै परिवार सदस्यहरुसँग सम्पर्क स्थापित भयो । अहिले थापाको शवको सद्गती गर्ने प्रक्रिया शुरु भएको छ । युएईका



नेपालीहरुले मृतकको शव सद्गत गर्नको लागि चाहिने रकम अनुमानित १५ सय दिर्हाम (४८ हजार रुपैयाँ) संकलन कार्य शुरु गरेका छन् । मृतकको पासपोर्ट साथमा नभएको हुनाले केही ढिलाई भए पनि कानूनी प्रक्रिया पुर्‍याएर छिट्टै नै सद्गती गरिने नेपाली दूताबासले जानकारी दिएको छ ।

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरुको यसरी गुमनाम मृत्यु हुने गरेको छ । बिदेश जाँदा कानूनी प्रक्रिया पूरा गरेर गएको भए पनि आफू जाने वा गएको देशको बारेमा थप जानकारी लिएर गएमा समस्यामा पर्दा सहयोग प्राप्त गर्न सकिनेछ । बिदेश जानु पूर्व ती देशहरुमा रहेका नेपालीहरुका सामाजिक संस्थाहरुको बारेमा जानकारी लिएर गएमा त झन् राम्रो हुनेछ । ती संस्थामा आबद्ध सयौं सदस्यहरु मध्ये कोही न कोही त चिनेका हुन्छन् नै । अर्कोतिर आफ्नै जिल्ला वा ठाउँको मान्छे भएपछि हुने आत्मियताले झनै नजिक बनाइदिन्छ । त्यसले गर्दा भोलिका दिनहरुमा आफूलाई पर्ने समस्याहरुबाट बच्न सकिन्छ । समस्यामा परे सहयोग पाउन सकिन्छ ।

विश्व अहिले कोरोना महामारीको चपेटामा छ । वैदेशिक रोजगारीका प्रत्येक गन्तब्य देशहरु चाहे ती मलेसिया हुन् वा खाडीका देशहरु युएई, साउदी अरब, कतार लगायतका देशहरु हुन् ती सबै देशहरु कोरोनाको चपेटामा परेका छन् । यसले गर्दा रोजगारी तथा व्यापार, व्यवसायमा ठूलो असर परेको छ । धेरैले रोजगारी गुमाएका छन् । रोजगारी गुमाएपछि तनाव त बढ्ने नै भयो । यस्तो अवस्थामा त झनै ती देशहरुमा भएका साथीभाइ, छरछिमेक लगायत बिभिन्न सामाजिक संघ-संस्थाहरुसँग सम्पर्कमा रहनु नै बेस हुन्छ ।

मृतक थापाको भने परिवारबाट अनुमति प्राप्त नभएकोले पनि शव व्यवस्थापन गर्न ढिलाई भएको हो । परिवारमा बेमेल भएका कारण उनको मृत्युमा पनि परिवारले वास्ता नगरेको श्रोतको दाबी छ । 'मृतकको शव हामी नेपाल पठाइदिन्छौं भन्दा पठाउनु पर्दैन, उतै गाडीदिनु र हामीलाई जानकारी गराउनु' -मृतकको छोरीको भनाइ उदृत गर्दै सम्पर्कमा आएका मृतकका साथीले भने ।

## एक्सेलका कम्पनी सचिव बोहोरालाई पितृशोक



**बिर्तामोड, कात्तिक २६।** एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडका कम्पनि सचिव श्यामबहादुर बोहोरालाई पितृशोक परेको छ ।

उनका बुबा कनकाई नगरपालिका वडा नं. ९ घैलाडुब्बा निवासी रत्नबहादुर बोहोराको कात्तिक २३ गते आइतवार ८७ वर्षको उमेरमा स्वर्गारोहण भएको हो । स्व. बोहोराका श्रीमती मनमाया बोहोरा, पाँच जना छोरा, चार जना छोरी, २४ जना नातिनातिनी र नौ जना पनातिपनातिनीहरु रहेका छन् । स्व. बोहोराका पाँच जना छोरा-बुहारीहरुमा प्रेमबहादुर-इन्दिरा, यादबबहादुर-दीपा, श्यामबहादुर-बिमला, रुद्रबहादुर-ईश्वरा र दिपक-सम्झना बोहोरा रहेका छन् ।

त्यस्तै उनका चार जना छोरी-ज्वाइँहरुमा हिमा-स्व.कृष्ण तिम्सिना, गीता-प्रकाश भण्डारी, सरीता-गोकुल निरौला र अर्चना-बद्री बानियाँ रहेका छन् । उनका छोराहरुमध्ये प्रेमबहादुर आदर्श विद्या मन्दिर मावि घैलाडुब्बाका पूर्व शिक्षक, यादबबहादुर गौरीशंकर मावि डाँगीबारीका शिक्षक, श्यामबहादुर एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडका कम्पनि सचिव, रुद्रबहादुर व्यवसायी र र दीपक एनसीसी बैंकका कर्मचारी रहेका छन् ।

# भीमाको घर बनाउन सहयोग जुट्दै

**दूधे, कात्तिक २६।** शिवसताक्षी-११ दूधेकी भीमाकुमारी चौधरी (राई) परिवारको घर निर्माणका लागि नेपाली कांग्रेस ११ नम्बर वडा समितिले जग्गा दिने घोषणा गरेको छ। जग्गा दिने दाता भए नेपाली कांग्रेस नगर समितिले घर बनाइदिने घोषणा गरेको भोलिपल्टै पार्टीको ११ नम्बर वडा समितिले जग्गा दिने निर्णय गरेको हो ।

वडा समितिका सभापति अशोक बस्नेतका अनुसार स्थानीय लेखबहादुर कार्कीले जोतभोग गर्दै आएको १० धुर जग्गा चलनचल्तीको मूल्य लगाएर वडा समितिले खरिद गरेको हो । नेपाली कांग्रेसको नगर समितिले उक्त जग्गामा भीमाकुमारी चौधरी (राई) परिवारको व्यवस्थापनका लागि घर निर्माण गर्ने वडा सभापति बस्नेतले बताए ।

वडा समितिले जग्गा खरिदका लागि प्रक्रिया अघि बढाएको छ। समाचार श्रोतका अनुसार दुई लाख ५० हजारमा वडा समितिले जग्गा खरिद गर्ने निधो गरेको हो। उक्त जग्गामा भीमाकुमारीका लागि एटेच टोइलेट बाथरुम, भान्सा कोठासहित अन्य दुई कोठाको पक्की घर निर्माण हुने नगरका उपसभापति विनोद ढकालले बताए ।

पार्टी सभापति ढुंगाना, उपसभापति ढकाल, नगरका कोषाध्यक्ष दुर्गाप्रसाद भट्टराई, ११ नम्बर वडाका सभापति अशोक बस्नेत, वडा सचिव मदन राई, महिला नेतृ निर्मला प्रधान लगायतको टोलीले वडा समितिले खरिद गर्ने जग्गाको स्थलगत निरीक्षण गरेका थिए ।

विभिन्न सञ्चारमाध्यममा अन्तरजातीय विवाह गरेकी महिलाको निर्धनताका कारण जग्गा र घर नहुँदा अलपत्र परेको समाचार प्रकाशन भएपछि नेपाली कांग्रेस शिवसताक्षीको ध्यानाकर्षण भएको थियो । जग्गा दाता भेटिए नगर समितिले भीमाकुमारीको बसोबासका लागि घर निर्माण गर्ने नेपाली कांग्रेस नगर समितिले बताएको थियो । नगर समितिले जग्गा दाताको खोजी गरेको समाचार वेलकम सताक्षी लगायतका सञ्चारमाध्यममा प्रकाशित भएपछि वडा समितिले पनि जग्गा किनेर भीमाकुमारीका परिवारको व्यवस्थापनका लागि जुटेको हो ।

एकल महिलाको गरिबीका कारण घटेको दर्दनाक कथा प्रकाशन भएपछि त्यसको प्रभावमा वडा समितिले जग्गाको चाँजोपाँजो मिलाएको वडा सभापति बस्नेतलले बताए । २०५९ सालमा अन्तरजातीय विवाह गरेकी भीमाका श्रीमान्को सडक दुर्घटनामा परेर मृत्यु भएपछि चौधरी दुई जना छोराछोरीसँग माइतमा बस्दै आएकी थिइन् ।

यसैबीच भीमाकुमारीको घर र निर्माणका लागि शिवसताक्षी नगरपालिकाका सूचना प्रविधि प्रमुख गणेश अधिकारीले १० हजार एक सय ११ रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन् । भीमाकुमारीको घर निर्माणका लागि उल्लेखित रुपैयाँ प्रदान गर्ने सूचना प्रविधि प्रमुख अधिकारीले बताए । त्यस्तै खुद्रा बचत तथा ऋण सहकारी संस्थाका प्रमुख लेखापाल लोकनाथ (लोकेश) खनालले पाँच हजार एक सय प्रदान गर्ने घोषणा गरेका छन् । सञ्चारमाध्यममा भीमाकुमारीको दर्दनाक कथा पढेपछि उनको व्यवस्थापन गर्न घर निर्माण कार्यका लागि पाँच हजार एक सय प्रदान गर्ने उनले बताए । उनले भने- 'भीमाकुमारीको घर निर्माणका लागि जग्गा समेतको व्यवस्थापन गर्ने नेपाली कांग्रेसको अभियान अनुकरणीय छ ।'

त्यस्तै नेपाली कांग्रेस ११ नम्बर वडाका सभापति अशोक बस्नेतले १० हजार नगदै सहयोग गर्ने बताए । उनले भीमाकुमारीको घर निर्माण सहयोग तथा सहजीकरण समिति गठन भएपछि उक्त रकम बैक खातामा जम्मा गर्ने जानकारी दिए ।

यता निर्माण हुने घरमा आवश्यक पर्ने बिद्युतीय सामग्रीसहित वायरिङ शिवसताक्षी ११ दूधेका शिवशक्ति बिजुली भण्डार दूधेका सञ्चालक शिवप्रसाद भट्टराईले प्रदान गर्ने घोषणा गरेका छन्। 'विद्युत् शिर्षकमा जतिपनि खर्च हुन आउँछ, त्यो सबै शिवशक्ति बिजुली पसलले सौजन्य गर्छ' -उनले भने । यसअघि मेची अंग्रेजी माध्यमिक विद्यालय माईधारका प्रधानाध्यापक भीमप्रसाद भट्टराईले पाँच हजार एक सय ५५ रुपैयाँ प्रदान गरेका थिए ।

## प्रहरीलाई मास्क र सेनिटाइजर



**बिर्तामोड, कात्तिक २६।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत् प्रहरीहरुलाई मास्क र सेनीटाइजर वितरण गरेको छ ।

सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुवास भट्टराई, कार्यकारी प्रमुख कमलबहादुर बस्नेत, विभागीय प्रमुख प्रेम बस्नेत विजय लगायतको टोलीले बुधबार जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरिक्षक कृष्णप्रसाद कोइरालालाई मास्क र सेनीटाइजर हस्तान्तरण गरेको हो ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या दिनदिनै बढिरहेको यो समयमा आफ्नो ज्यानको जोखिम मोलेरै कार्यक्षेत्रमा खटिने प्रहरीहरुलाई कोरोना भाइरसबाट बच्न सहज होस् भन्ने उद्देश्यले संस्थाले जिल्ला प्रहरी कार्यालय झापा पुगेर त्यहाँ कार्यरत् प्रहरीहरुलाई पाँच सय पिस मास्क र ५० लिटर सेनीटाइजर वितरण गरेको संस्थाका अध्यक्ष सुवास भट्टराईले बताए ।

कोरोना भाइरसको संक्रमणको उच्च जोखिमका बाबजुद आफ्नो पेशाबाट विचलित नभई सुरक्षित साथ काम गर्न प्रहरीहरुलाई सजिलो होस् भनेर संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत मास्क र सेनीटाइजर प्रदान गरिएको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले बताए ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरिक्षक कृष्णप्रसाद कोइरालाले कोरोना कहरको यो समयमा जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत् प्रहरीहरुलाई मास्क र सेनीटाइजर वितरण गरेकोमा सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको प्रशंसा गरेका थिए । कार्यक्रमको सहजीकरण सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका विभागीय प्रमुख प्रेम बस्नेत विजयले गरेका थिए ।

## दक्षिणारहित सामुहिक सडक देउसी नखेलिने

**बिर्तामोड, कात्तिक २६।** साहित्य चौतारी झापाले दक्षिणारहित सामुहिक सडक देउसी नखेल्ने भएको छ ।

साहित्य चौतारी झापाले साहित्य, कला, संगीत र संस्कृतिको संरक्षण, सम्र्बद्धन गर्ने उद्देश्यले हरेक वर्ष तिहारमा खेलिँदै आएको सामुहिक सडक देउसी यो वर्ष नखेल्ने भएको साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले जानकारी दिए ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमितको संख्या र मृत्युदर बढिरहेको यो समयमा चाडपर्वहरू आ-आफ्नै घरभित्र रही परिवारका सदस्यहरूले मात्र मनाउन दिने तीन वटै सरकारको निर्णय अनुसार यस वर्ष दक्षिणारहित सामुहिक सडक देउसी नखेलिने भएको उनले जानकारी दिए ।

दक्षिणाकै लागि देउसी खेलिने परम्पराको अन्त्य गर्दै साहित्य, कला, संगीत र संस्कृतिको संरक्षण, सम्र्बद्धन गर्न बिर्तामोडको दुर्गा मन्दिरमा दक्षिणारहित सामुहिक सडक देउसी खेलिँदै आए पनि यस वर्ष सरकारको निणर्य आफूहरुले पालना गरेको उनले जानकारी दिए ।

## लागूऔषधसहित चार जना पक्राउ

**झापा, कात्तिक २६।** बिर्तामोड-२ फुलबारी टोलबाट लागूऔषध खैरोहिरोईन ब्राउनसुगरसहित चार जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सोही स्थानका ३१ बर्षीय सञ्जयकुमार राजवंशी, २५ बर्षीय मोहनकुमार ओली, २४ बर्षीय दयालाल राजवंशी र २० बर्षीय अरुणकुमार राजवंशी रहेका छन्। उनीहरुलाई प्रहरी चौकी बिर्ताबजारबाट गएको प्रहरीको टोलीले ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये मोहन कुमार ओलीको घरमा लागूऔषध खरिद-बिक्री भइरहेको भन्ने बिशेष सूचनाको आधारमा गएको प्रहरी टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।


### टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

### घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ ।

मो. ९८४१३२८७९८, ९८१८९४०३११३, ९८४२७५६१००

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०. ९८१७९२१३९४

### छापाखाना

विभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस

७ बार १२ महिना सञ्चालनमा

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

श्रुतिविसदन उत्तरपट्टिको घर

फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

### तु-घर भाडामा चाहियो

यस बिर्तामोड आसपासमा कम्पाउण्ड बालसहितको ८देखि १० वटा कोठा भएको घर भाडामा तु-चाहियो ।

सम्पर्कः ९८६९७२९१०६

### नियमित कुखुरा विक्रीमा

हामी आफैले उत्पादन गरेको कुखुरा हरेक हप्ता ५०० वटा ब्रोइलर र १०० वटा लोकल नियमित रुपमा लिन चाहनेले सम्पर्क गर्नुहोला ।

**गान्धारी एग्रोफर्म**

अर्जुनधारा-४, झापा

९८१७४०३३५४, ९८१५०८०३९१, ९८४१२९८५८३

### अर्जेन्ट कर्मचारी आवश्यकता

शिलवाल इञ्जिनियरीङ वर्कसप झिलझिलेलाई दुई जना दक्ष तथा इमान्दारी लेथ मेसिन चलाउन सक्ने एकजना कर्मचारी आवश्यक परेकाले मेसिनरी सम्बन्धी ज्ञान भएकाले तुरुन्त सम्पर्क राख्नु होला ।

पद : लेथ मिस्त्री १ जना
ग्रील मिस्त्री १ जना

कार्य क्षेत्र : झिलझिले

*नोटः लेथ मिस्त्री सम्बन्धी ज्ञान भएको तथा दुबै काममा लागि दक्ष हुनुपर्नेछ ।*

प्रो. रमेश शिलवाल

मो. नं. ९८०४९५९१४७/९८६२६७६४५९

### डिलर तथा होलसेल आवश्यकता

एक स्नेटरी प्याड उत्पादन गर्नेकम्पनीलाई होलसेलर तथा डिलर चाहियो ।

**कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.**

९८०१४२४०१३, ९८०१४२३६४३

अर्जुनधारा-०६, झापा



भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

## हार्दिक श्रद्धाञ्जलि

यस कालिन्चोक सेक्युरिटी सर्भिसेज (प्रा.) लि. झापा सम्पर्क कार्यालयका शाखा प्रबन्धक देवीबहादुर खत्रीका पिता **श्री केशरबहादुर अधिकारी खत्री**को २०७७ साल कात्तिक १८ गते मंगलबार ८१ वर्षको उमेरमा स्वर्गारोहण भएको १०औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।



**स्व. केशरबहादुर अधिकारी खत्री**
**जन्ममिति : १९९६/०५/२७**
**स्वर्गारोहण : २०७७/०७/१८**

**कालिन्चोक सेक्युरिटी सर्भिसेज (प्रा.) लि. परिवार**

धुम्बाराही मार्ग, काठमाडौं



### गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

### पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोड**बाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रबिन आयुर्वेदिक फार्मेसी**

अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

### पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
### गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरु :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

### सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
### झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्नेछन् । व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पहिलेको सफलताले हौसला जगाउनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** फाइदाको स्रोत पहिचान गर्न सकिनेछ । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पुराना कामको चर्चा हुनेछ भने मेहनत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सामाजिक उत्तरदायित्व प्राप्त भए पनि जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ । अवसरवादीहरूले कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मेहनत गर्दा चुनौति चिर्दै काम बनाउन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ । सोर्सफोर्स लगाउदा काम बन्ला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** केही समय लागे पनि विभिन्न काम र जिम्मेवारी हात पार्ने मौका छ । लगनशीलताले अवसर दिलाउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आजको मेहनतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । तर ढिलासुस्ती गर्दा वा आँटले काम लिन नसक्दा केही पछि परिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** काम गर्ने परिस्थिति अनुकूल नदेखिए पनि शुभचिन्तकहरूको साथले जिम्मेवारी प्राप्त हुन सक्छ । मेहनत गर्दा लगानी उठाउन सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आवश्यक पर्दा कर्जामार्फत धन प्राप्त हुनेछ । पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । झन्झट बढ्ने समय छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ । अवसरका लागि जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।